1

# इस्लामको पहिलो किताब



इस्लाम से न भागो राहे हुदा यही है ।
ऐ सोनेवालो जागो शम्सो ज्जुहा यही है ।

(अर्थात  इस्लामबाट न भाग यही नै सन्मार्ग हो । हे निद्रामग्न मानिसहरूहो
जाग यही नै प्रभातको सूर्य हो )

बाल बालिकाहरूका निम्तिइस्लामकोपहिलोकिताब

# इस्लामको
# पहिलो किताब

| | | |
|---|---|---|
| नामकिताब | : | इस्लामको पहिलो किताब |
| लेखक | : | चौधरी महम्मद शरीफ |
| अनुवादक | : | अताउर रहमानखालिद |
| कम्पोजर | : | सलीमअहमद नेपाली |
| पहिलो संस्करण | : | २०१७ |
| संख्या | : | १००० |
| छापा खानाको नाम | : | बागबजार छापाखाना |
| प्रकाशक | : | अहमदिया संघ नेपाल,<br>सिनामंगल काठमाण्डौं |

# प्रकाशकीय टिप्पणी

इस्लाम धर्मकाप्रारम्भिक र प्रथमिक ज्ञानहरूको बोध हुनुप्रत्येक मुसलमानपुरूष र महिलाकानिम्तिआवश्यक रहेको छ । त्यसकारण बाल्यकालदेखि नै इस्लाम धर्मको मौलिक कुराहरू सिख्ने जिज्ञासा र चाहनाबाल-बालिकाहरूको मनमाउत्पन्नगर्नकानिम्ति यो पुस्तक "**इस्लामको पहिलोकिताब**" अत्यन्तउपयोगी र लाभदायक रहनेछ भन्ने हाम्रो धारणा रहेको छ । उक्त पुस्तकमापवित्र कुरआन र हदीसका कुराहरूलाई सहज र सरलरूपमा प्रस्तुतगरिएको छ। यो पुस्तकजहाँबाल-बालिकाहरूकानिम्तिमनमोहक र आकर्षक हुनेछ त्यहाँ बढी उमेरकामानिसहरूले पनि यसबाट लाभ उठाउने सक्नेछन । अल्लाहतआलाले यस पुस्तकलाई जनकल्याणकारी र इस्लामी शिक्षार्जनको उत्तम साधनबनाउनभन्ने हाम्रो हार्दिक प्रार्थना रहेको छ ।

भवदीय

**राष्ट्रीय अध्यक्ष**

अहमदिया संघ नेपाल

# इस्लाम के हो?

इस्लाम अरबी भाषाको एउटा शब्द हो । यसको अर्थ आज्ञापालन हो ।

अल्लाह तआलाको पूर्ण अनुगमन र आज्ञापालनलाई नै इस्लाम भनिन्छ ।

यसैगरी इस्लाम त्यस धर्मको नाम हो जुन मक्कामा जन्मने पवित्र नबी हजरत महम्मद(सल्लम) द्वारा अल्लाहले प्रकट गरे । यो धर्म एउटा सर्वाङ्गसम्पूर्ण धर्म हो यसको शिक्षा सर्वोत्कृष्ट रहेको छ । यसले वर्णन गरेका कुराहरू पूर्णतःसत्य रहेका छन । यसका आदेशहरूअत्यन्त लाभदायक छन । संसारको कुनै धर्मले इस्लामको प्रतिस्पर्धा गर्नसक्‌दैन। त्यसकारण नै हामी मुसलमान हौं र सबै मानिसहरूलाई हामी इस्लामतर्फ बोलाउने छौं । इस्लाम धर्मका पाँचवटा मौलिकसिद्धान्तहरू छन । जसलाई अरकाने इस्लाम ( इस्लामका स्तम्भहरू) भनिन्छ । जस्तै, कलिमा तयैबा, नमाज व रोजा जकात र हज ।

(क) **कलिमा तयैबा** :- एउटा मुसलमानका लागि अल्लाह तआला एक अद्वितीय हुन र हजरत महम्मद सल लल्लाहु अलैहि व सल्लाम अल्लाहका साँच्चा सन्देशवाहक हुनुहुन्छ भनी हृदयबाट र मुखबाट (अर्थात (आन्तरिक र मौखिकरूपमा) साक्षी दिनु अनिवार्य कर्तब्य रहेको छ ।

(ख) **नमाज** :- प्रत्येक दिन पाँचपटक नमाज (अल्लाहको उपासना गर्नु) पढनु आवश्यक छ ।

(ग) **रोजा** :- पवित्र रमजानको महिनामा बीमार र यात्रावस्थामा नरहेको भएमा रोजा (उपवास) राख्नु आवशयक छ ।

(घ) **जकात** :- यदि पर्याप्त धन रहेको भएमा र्वषमा एकपटक जकात (जगात) चुक्ता गर्नु आवश्यक छ ।

(ङ.) **हज** :- यदि सामार्थ्य रहेमा अरब देशको पवित्र नगर मक्कामा रहेको पवित्र बैतुल्लाह (अल्लाहको घर) को हज गर्नु आवश्यक छ ।

## ईमानको व्याख्या :-

ज्ञ। अल्लाहप्रति ईमान ।
द्द। फरिश्ता (देवदूत) हरूप्रति ईमान ।
घ। ईश्वरीय पुस्तकहरूप्रति ईमान ।
द्ध। (अल्लाहका) सन्देशवाहकहरूप्रति ईमान ।
छ। अन्तिम दिन(प्रलय) प्रति ईमान ।
ट। अल्लाहको प्रतिदान (पुरस्कार र दण्ड) प्रति ईमान ।
ठ। अल्लाह एक अद्वितीय रहेका छन । उनको कोही सहभागी छैन। उनले नै सबैको सृष्टि गरेका हुन र हजरत महम्मद मुस्तफा (सल्लम ) उनका भक्त र सन्देशवाहक (पैगम्बर) हुन।
ड। अल्लाहका फरिश्ता (ईशदूत) हरू रहेका छन भन्ने कुरो नितान्त सत्य हो ।
ढ। अल्लाहका समस्त धर्मग्रन्थहरूलाई मान्नु आवश्यक छ ।
ज्ञण। अल्लाहका सबै नबीहरू साँच्चा हुन ।
ज्ञज्ञ। कयामत (प्रलय) को दिन रहेको छ भन्ने कुरो नितान्त सत्यहो
ज्ञद्द। निर्णयका दिनमा हुने अल्लाहका निर्णयहरू ठीक हुन ।

# अल्लाह तआला

अल्लाह एक अद्वितीय रहेको छन ।उनी समस्त विशेषताहरू र महिमाहरूका स्वामी हुन । उनको कोहीसहभागी छैन । उनी अभावहीन रहेका छन । उनको कोही सन्तान छैन न उनी कसैका सन्तान हुन । उनी जस्तो अन्य कोही छैन । न उनकी कोही पत्नी छन । उनी नै हामीलाई पाल्छन र आहार प्रदान गर्छन । उनी देख्छन परन्तु उनलाई आँखाको आवश्यकता छैन। उनी बोल्छन परन्तु उनलाई जिब्रोको आवश्यकता छैन । उनी सुन्छन र आफ्ना भक्तहरूका प्रार्थनाहरू स्वीकार गर्छन । उनी सदा जीवित छन र सदैव जीवित रहने छन ।

उनी कायम (स्थित) र समस्त कायम  (स्थित) वस्तुहरू उनकै आदेशबाट कायम छन । उनी न त सुत्छन न उनी उँघ्छन उनी धरती र आकाशका स्वामी हुन र तिनीहरूको सुरक्षा उनले नै गर्छन। उनी समस्त प्रकट र गुप्त रहेका वस्तुहरूलाई जान्दछन । कुनै कण र परमाणु उनको ज्ञानबाट बाहिर छैन ।उनी समस्त वस्तुहरूका स्रष्टा हुन ।

कुनै कुरो उनका लागि कठिन छैन । सूर्य, चन्द्रमा ,धरती र आकाशमण्डल उनले हाम्रो फाईदाका लागि बनाएका हुन ।

जीव जन्तुहरू हाम्रा आरामका लागि, पानी हामीलाई पिउनका लागि, अन्न खानका लागि ,नबी (पैगम्बर) हामीलाई सन्मार्ग देखाउनका लागि, दिन काम काज गर्नका लागि र रात्रिआराम र विश्राम गर्नका लागि उनले बनाएका हुन ।

प्रत्येक क्षण उनले हामीलाई देखिरहेछन । परन्तु हाम्रा आँखाहरूले उनलाई देख्नसक्दैनन । उनले मागे बिना नै दिनेगर्छन । उनी सम्राटहरूका सम्राट हुन । उनी धनीहरूलाई गरीब र गरीबहरूलाई धनी बनाउँछन । उनी असहायको प्रार्थना सुन्छन । उनी नै उपासनायोग्य रहेका छन । माग्दा उनले नै हामीलाई दिन्छन । उनी नै जिवित गर्छन र मार्छन ।जब हामी मर्ने छौ तब हामीलाई उनले पुनः जीवित गर्नेछन । तथा उनले हामीलाई  हाम्रा पुण्यकर्महरूको फल

र दुष्कर्महरूको दण्ड दिनेछन । दुख र सुख प्रत्येक अवस्थामा उनीतर्फै झुकनु  आवश्यक छ । प्रत्येक कठिनाइका समयमा उनलाई नै पुकार्नु उचित छ । विन्ती उनीसितै गर्नु आवश्यक छ । उनी सत्कर्मीहरूको सहयोग गर्छन र सदा तिनीहरूका साथ.साथ रहन्छन । उनी सत्यवादि र सत्कर्मीहरू सित वार्ता गर्छन र उनीहरूलाई सन्मार्गमा हिडाउँछन । उनी हामी सबैसित प्रेम गर्छन र माता पिता भन्दा पनि अधिक प्रेम गर्छन ।

# फरिश्ता(ईशदूत) हरू

फरिश्ताहरू  खुदा तआलाका आध्यात्मिक र अलौकिक सृष्टि हुन । तिनीहरू निरन्तर हरक्षण खुदा तआलाको उपासना र आज्ञापालनमा व्यस्त रहन्छन ।

फरिश्ताहरूलाई अल्लाह तआलाले हाम्रा कामहरूमा खटाएका छन । कोही पानी बर्साउँछ । कोही आत्मा  (प्राण) हाल्छ कोही प्राण (आत्मा) निकाल्छ र कोही हावा चलाउँछ । कोही खुदा तआला  ( परमेश्वर ) को वाणी उनका पवित्र र भला  भक्तहरूप्रति उतार्छ । तिनीहरू हाम्रा निम्ति भिन्न -भिन्न कार्यहरू गर्नेगर्छन । फरिश्ताहरू असंख्य र अनगिनत छन । तिनीहरूको (सत्ता) प्रति ईमान  (विश्वास) स्थापना गर्नु आवश्यकछ ।फरिश्ताहरू पापमुक्त र पवित्र हुन्छन । तिनीहरू खुदा तआलाको इच्छानुसार कार्य गर्छन।

**(इस्लाम धर्मानुसार) प्रसिद्ध फरिश्ताहरूको नाम निम्नानुसार छ :-**

| | |
|---|---|
| जिब्राईल | मिकाईल |
| ईस्राफील | इज्राईल |

मानिसका मनमा जुन उत्तम कुराहरू र धारणाहरू उत्पन्न हुन्छन ती फरिश्ताहरूका तर्फबाट हुन ती पवित्र र उत्तम धारणाहरूलाई मान्नु र तिनीहरूलाई व्यवहारिक रूप दिनु आवश्यक छ । फरिश्ताहरूले त्यही काम गर्छन जसलाई गर्ने आदेश खुदा तआलाले उनीहरूलाई दिन्छन ।

# इल्हामी (ईश्वरप्रदत्त) ग्रन्थहरू

आल्लाह तआलाले हाम्रो सुधार र भलाईका लागि आफ्ना तर्फबाट पुस्तकहरू पठाएका हुन । यी पुस्तक  (ग्रन्थ) हरू खुदाका वह्यी  (ईशवाणी) हुन । भिन्न  भिन्न नबीहरूमार्फत यी ग्रन्थहरू

उत्रिएका हुन । यी पुस्तकहरूमा ईश्वरका भृत्यहरूका निम्ति उद्धारका सन्मार्गहरू वर्णन गरिएका छन र ती कार्यहरूबारे वर्णन गरिएको छ जसलाई पवित्र अल्लाहले मन पऱ्याउँछन र जसबाट उनी प्रसन्न हुन्छन ।

यी पुस्तकहरूखुदाका विधानहरू हुन । जो व्यक्तिले यिनका विरुद्ध कार्य गर्छ त्यसले दण्ड भोग्नु पर्नेछ । खुदा तआलाका समस्त किताब (ग्रन्थ) हरूमाथि ईमान ल्याउनु र विश्वास गर्नु आवश्यक छ । साधारणतः प्रसिद्ध पुस्तक (ग्रन्थ) हरू पाँचवटा रहेका छन :-

- सुह्फे इब्राहीम (इब्राहीमको पुस्तिका)
- तौरात (यहुदीहरूको धर्मग्रन्थ)
- जबुर (भजन संहिता ् तौरातकोएउटा अंश)
- इन्जील (ईसाईहरूको धर्मग्रन्थ)
- पवित्र कुरआन (मुस्लिमहरूको धर्मग्रन्थ)

कानून र धर्मविधान तौरात र पवित्र कुरआनमा वर्णन गरिएको छ ।

**पहिला तौरात** इज्राईलका सन्तानहरू (यहुदीहरू)का लागि अवतीर्ण भयो । त्यसपछि समस्त संसारका लागि र सदाका लागि पवित्र कुरआन अवतीर्ण भयो । पवित्र कुरआन सर्वोत्तम र सर्वाङ्ग सम्पूर्ण पुस्तक (ग्रन्थ) रहेको छ । यसमा सबै गुणहरू पाइन्छन, प्रत्येक उत्तम कुरो यसमा उपलब्ध छ । तौरातलाई मानिसहरूले बिगाडे अर्थात दुषित पारे । पवित्र कुरआनलाई भने न कसैले बिर्गान सक्छ न त (पहिला) कसैले बिर्गान सक्यो । तौरातलाई पवित्र कुरआनले मंसूख (निष्क्रिय) गरेको छ । परन्तु पवित्र कुरआन कहिल्यै मंसूख (निष्क्रिय) हुनेछैन । अल्लाह तआलाले स्वयं पवित्र कुरआनको सुरक्षा गर्नेवचन दिएका छन । अब पवित्र कुरआन (का शिक्षाहरू) मा चलेर मात्र मुक्ति प्राप्त हुनेछ ।

# खुदाका नबीहरू

जब मानिसहरू पथभ्रष्ट भएर बिग्रन लाग्छन र खुदा तआलालाई भुल्नपुग्छन तब उनले आफ्ना नबी, रसूल र पैगम्बर हरूलाई पठाउँछन । तिनीहरू मानिसहरूलाई सन्मार्ग प्रदर्शन गर्नका निम्ति आउँछन । तिनीहरू पापमुक्त हुन्छन । तिनीहरूले खुदा तआलाको आदेश विपरीत कुनै कार्य गर्दैनन । तिनीहरू खुदाका धार्मिक र साँच्चाभृत्य हुन्छन । खुदाले प्रत्येक समय तिनीहरूको सहयोग गर्छन । आजसम्म संसारमा एक लाख चौबीस हजार पैगम्बरहरू आए । यिनीहरूमध्ये केही नबी (पैगम्बर) हरूको नाम पवित्र कुरआनमा वर्णित छ । नबीहरू प्रत्येक जाति र प्रत्येक देशमा आए । प्रसिद्ध नबीहरूनिम्नानुसार रहेका छन ।

हजरत नूह अलैहिस्सलाम, हजरत इब्राहीम (अलै), हजरत इस्माईल (अलै) हजरत इस्हाक (अलै), हजरत याकूब (अलै), हजरत मूसा (अलै), हजरत दाउद (अलै), हजरत सुलैमान ( अलै), हजरत यह्या (अलै), हजरत ईसा (अलै), हजरत महम्मद मुस्तफा (अलै सल्लम) यी समस्त नबीहरुमध्ये सर्वश्रेष्ठ हजरत महम्मद रसुलुल्लाह (सल्लम)हुन्नुहुन्छ । अल्लाह तआलाले उहाँलाई सबै नबीहरूका मुखिया र खातमन्नबियीन घोषित गरेका छन ।

(नबीहरूका मोहोर) उँहाको मोहोरको सहीछापका कारण नै हामी (पहिलाका) सबै नबीहरूलाई मान्छौ । भविष्यमा उहाँको अनुयायी र अनुगामीबाहेक अन्य कोही सुधारक आउन सक्दैन । उँहाको शरीअत ( धर्मविधान) कयामत (प्रलय) सम्म रहनेछ । अल्लाह तआलाका सबै नबीहरूप्रति ईमान (विश्वास) ल्याउनु अनिवार्य रहेको छ ।

# प्रलयको दिन

जब हाम्रो मृत्यु हुनेछ तब कयामत (प्रलय) को दिन हाम्रा खुदा (सृष्टिकर्ता) ले हामीलाई जीवित गर्नेछन । एउटा यस्तो दिन

आउँनेछ जब सबै मानिसहरूको मृत्यु हुनेछ । त्यसपछि आल्लाह तआलाले सबैलाई जीवित गर्नेछन र हिसाब लिनेछन । यदि हामीले उत्तम कार्यहरू गरेका रहेमा हामीलाई उत्तम प्रतिदान प्रदान गर्नेछन । यदि दुष्कर्महरू गरेका रहेमा हाम्रा कर्महरूको दण्ड हामीलाई दिनेछन । जसका पुण्यहरू अधिक हुनेछन त्यो स्वर्गमा हुनेछ र जसका पापहरूअधिकहुनेछन त्यो (व्यक्ति)कष्टमा पर्नेछ । जसका पाप र पुण्य बराबर हुनेछन त्यसलाई खुदा तआला ( परमेश्वर) ले आफ्नो कृपाद्वारा क्षमा गरिदिनेछन । अन्तिम (प्रलय) का दिन खुदाको दर्शन हुनेछ । जो व्यक्तिहरू पुण्यकर्मी र धार्मिक हुनेछन । तिनीहरूबाट खुदा प्रसन्न हुनेछन । प्रलयका दिनप्रति ईमान (विश्वास) स्थापन गर्नु अनिवार्य रहेको छ ।

# हजरत महम्मद रसूलुल्लाह सललल्लाहु अलैहि व सल्लम

हजरत महम्मद रसूलुल्लाह (सल्लम) सबै नबीहरूका मुखिया हुनुहुन्छ । उहाँ अरब देशको पवित्र नगर मक्कामा १२ रबीओल अव्वल ५७०ई. मा जन्मनुभयो । उहाँकोजन्म भएको चौदह सय वर्ष भन्दा अधिक समय बितिसकेको छ ।उहाँको वंश र परिवार अत्यन्त उत्तम तथा भलो थियो । उहाँका पिताको नाम अब्दुल्लाह र माताको नाम आमिना थियो । उहाँका पिताको उहाँ जन्मनु भन्दा पहिला नै मृत्यु भएको थियो ।उहाँ जन्मिएको केही वर्ष भित्रैमा उहाँकी माताको पनि निधन भयो । त्यसपछि उहाँ पुर्णतः टुहुरो हुन पुग्नुभयो । उहाँ बाल्यकालदेखि नै सत्यवादि र विश्वसनीय हुनुहुन्थ्यो । मानिसहरूले उहाँको सम्मान गर्थे । उहाँले कहिल्यै मिथ्या बोल्नु भएन न उहाँले कसैलाई गाली दिनुभयो । उहाँ टुहुराहरूप्रति दया गर्नु हुन्थ्यो र अभावग्रस्तहरूको सहयोग गर्नुहुन्थ्यो । उहाँले कहिल्यै मूर्तिपुजा गर्नु भएन । उहाँ सदा एक, अद्वितीय अल्लाहको उपासना गर्नुहुन्थ्यो । जब उहाँको आयु चालीस

वर्ष पुग्यो अल्लाह तआलाले उहाँलाई संसारको सुधार र उद्धारका निम्ति नियुक्त गरे । उहाँ सदा मानिसहरूलाईमूर्तिपुजाबाट रोक्नुहुन्थ्योर अल्लाह तआलातर्फ मूर्तिपुजकहरूलाई बोलाउनु हुन्थ्यो । मुश्रिक (अनेकेखरवादि) हरू उहाँका शत्रु बन्नपुगे । उनीहरूले हजरत महम्मद (सल्लम) र उहाँका साथीहरूलाई अति कष्ट दिन्थे । गालि दिन्थे र मारपिट गर्थे । हजरत महम्मद (सल्लम) र उहाँका साथीहरू धैर्यगर्थे र आफ्ना शत्रुहरूका लागि अल्लाहका चरणमा तिनीहरूलाई सन्मार्ग देखाउ भनी प्रार्थना गर्थे । अन्ततः तेरह वर्षपछि हजरत महम्मद (सल्लम) र उहाँका सहाबा (सहचर) हरूले मक्काबाट हिजरत (देशत्याग) गरे र मदीना प्रस्थान गरे । त्यहाँ दसवर्ष रहनु भयो शत्रुले उहाँसित लडाँई गरे परन्तु तिनीहरू असफल रहे हजरत महम्मद (सल्लम) जब शत्रुहरूमाथि विजयी हुनुभयो तब उहाँले तिनीहरूलाई क्षमा गरिदिनुभयो ।उहाँको उच्च आचरण र उत्तम शिक्षाका कारण उहाँको जीवनकाल मै समस्त अरबवासिहरू मुसलमान भए । उहाँले समस्त मानिसहरूको सुधार गर्नुभयो । सन्मार्गमा चलाउनु भयो । र दिन रात त्यही कार्यमा व्यस्त रहनुभयो । त्रिसठ्ठी वर्षको आयुमा उहाँले संसारवाट विदा लिनुभयो । उहाँको कब्र (समाधि) पवित्र मदीना नगरमा छ । उहाँप्रति अल्लाह तआलाले सदा आफ्नो अपार करूणा र कृपा वर्षण गरून । जुन महान कार्यहरू हजरत महम्मद (सल्लम)ले गरेर जानुभयो ती कार्यहरू अन्य कुनै नबीले गर्न सक्दैनन । खुदा तआलाले उहाँको ठुलो मदद र सहयोग गरे । उहाँजस्तो मानिस न संसारमा पहिला जन्मियो न त भविष्यमा जन्मने छ । प्रलयका दिन (उहाँकै सर्वप्रथम)पुनरूत्थान हुनेछ । उहाँले नै शफाअत ( सिफारिस) गर्नुहुनेछ । उहाँ समस्त जगतका लागि कृपाका रूपमा आउनुभयो । काफिर (अविश्वासी)हरू उहाँको आचरण र व्यवहार देखेर मुसलमान बन्थे । उहाँ रातभरि नमाज (उपासना) मा व्यस्त रहनुहुन्थ्यो ।उहाँ अत्यन्त दानी पनि हुनुहुन्थ्यो । जुन धन हातमा आउँथ्यो त्यो सबै खुदाको मार्गमा खर्च गरिदिनुहुन्थ्यो । उहाँले कहिल्यै पेटभरि रोटि खानुभएन । टुहुराहरू र दरिद्रंहरूको उहाँलाई

अत्यन्त चिन्ता रहन्थ्यो । उहाँले शारीरिक सुख र भोगलाई कहिल्यै मन पऱ्याउनु भएन । उहाँ सम्राट रहेर पनि दरिद्रझैं रहनुभयो । उहाँ आफ्ना सहाबा (सहचर) हरू र अन्य मुसलमानहरूसित अत्यन्त प्रेम गर्नुहुन्थ्यो । हजरत महम्मद रसुलुल्लाह (सल्लम) को आशीष र वरदान प्रलयसम्म जारी रहनेछ । उहाँ सूर्य हुनुहुन्छ । अन्य सबै महात्माहरू र सन्तहरूले उहाँबाट नै आध्यात्मिक ज्योति प्राप्तगर्छन र गर्नेछन । हजरत मसीह मौउद (प्रतिश्रुत मसीह र महदी) अलैहिस्सलाम पनि उहाँकै प्रकाश र ज्योति लिएर आउनुभएको हो । हजरत महम्मद मुस्तफा (सल्लम) को स्र्वगवासपछि उहाँका चारजना खलीफाहरू (उत्तराधिकारीहरू) क्रमशः उहाँका उत्तराधिकारी बने । उहाँहरूका नाम निम्नानुसार रहेका छन ।

(1) हजरत अबूबकर रजीअल्लाहु अन्हु

(2) हजरत उमर रजीअल्लाहु अनहु

(3) हजरत उसमान गनी रजीअल्लाहु अनहु

(4) हजरत अली रजीअल्लाहु अनहु

# हजरत मसीह मौउद(प्रतिश्रुत मसीह र महदी अलैहिस्सलाम)

हजरत मिर्जा गुलाम अहमद साहेब कादियानी अलैहिस्सलाम खुदा तआलाद्वारा निर्वाचित तथा इस्लामलाई पुनर्जीवन प्रदान गर्न आउनुभएको हो । उहाँ जिल्ला गुरदासपुर पंजाबको कादियान नामका पवित्र भूमिमा 1835 ई, मा जन्मनुभयो । चौधौं शताब्दी हिज्रीको आरम्भमा अल्लाह तआलाले उहाँलाई मुजद्दिद (सुधारक) बनाए । पवित्र कुअरनको शरीअत (धर्मविधान) लाई ताजा गर्नका लागि उहाँलाई खटाए । उहाँ बाल्यकालदेखि नै पवित्र र धर्मपरायण व्यक्ति हुनुहुन्थ्यो । सबै मानिसहरू उहाँको प्रशंसा गर्ने गर्थे । उहाँ

खुदाको उपासनामा र हजरत महम्मद रसूलुल्लाह (सल्लम) प्रति दरूद (अल्लाहको कृपा र शान्ति) प्रेष्णमा व्यस्त रहनुहुन्थ्यो । जब उहाँको आयु प्राय चालीसवर्षको हुनपुग्यो तब अल्लाह तआलाले उहाँलाई निर्वाचित गरे । मानिसहरूले उहाँसित पनि शत्रुता गरे । दुख दिए, गाली गलोच गरे । उहाँ भने गाली दिनेहरूका निम्ति दुआ (प्रार्थना) गर्नु हुन्थ्यो । उहाँले अस्सीवटा पुस्तकहरूको रचना गर्नुभयो । ती पुस्तकहरू अरबी, फारसी तथा उर्दु भाषामा रहेका छन । उहाँप्रति खुदा तआलाको वह्यी (ईशवाणी) अवतीर्ण हुन्थ्यो । धरती र आकाशमा उहाँका समर्थनमा चिह्नहरू र चमत्कारहरू प्रकट भए ।पवित्र कुरआन र हदीसहरूमा उहाँका बारेमा खबरहरू र भविष्यवाणीहरू मौजुद छन । उहाँको शरीअत (धर्मविधान) पवित्र कुरआन हो । उहाँलाई मान्नु हाम्रो कर्तव्य र अनिवार्य कार्य हो । उहाँको जीवनकालमै पाँचलाखभन्दा अधिक मानिसहरूले उहाँप्रति ईमान (विश्वास) ल्याएका थिए अर्थात उहाँलाई मानेका थिए । उहाँले आफ्नो जमातको नाम अल्लाह तआलाको आदेशनुसार अहमदिया जमात राख्नुभयो । आज यो जमात संसारका भिन्न भिन्न दुईसयभन्दा अधिक देशहरूमा स्थापित छ । पवित्र नगरकादियान यस जमातको केन्द्रस्थल हो । 26मई, 1908ई,मा हजरत मसीह मौउद मिर्जा गुलाम अहमद कादियानी (अलै) को स्वर्गवास भयो । उहाँप्रति सदा खुदा तआलाको अपार कृपा र करुणा वर्षण होस । हजरत हाफिज हाजी हकीम मौलवी नुरुद्धीन (रजी) उहाँपस्चात उहाँका पहिला खलीफा (उत्तराधिकारी) निर्वाचित हुनुभयो । त्यसपछि 1914 ई, मा हजरत मिर्जा बशीरुद्धीन महमुद अहमद रजी दोस्रा खलीफा र 1965 ई मा हजरत मिर्जा नासिर अहमद ( रह) तेस्रो खलीफा निर्वाचित हुनुभयो । उहाँ पछि 1982 ई, मा हजरत मिर्जा ताहिर अहमद (रह.) र 2003ई. मा हजरत मिर्जा मसरूर अहमद साहेब अहमदिया जमातका पाँचौ खलीफा निर्वाचित हुनुभयो । अल्लाह तआलाले उहाँलाई लामो आयु प्रदान गरून र सबै इच्छा र उदेश्यहरूमा सफलता प्रदान गरून । खलीफाको

आज्ञापालन रअनुसरण गर्नु अनिर्वाय कर्तव्य रहेको छ । जसले खलीफालाई अस्वीकार गर्छ पवित्र कुरआनले त्यसलाई अधर्मी र दुराचारी घोषित गर्छ । अल्लाह तआलाले खलीफाहरूको विशेष सहयोग गर्नेगर्छन । तिनीहरूद्वारा धर्मलाई दृढता र स्थिरता प्रदान गर्छन । वस्तुत : खलीफा खुदाले नै बनाउँछन त्यसकारण उनी नै तिनीहरूका सहयोगी पनि बन्छन ।

## पवित्र कुरआन

पवित्र कुरआन खुदा तआलाको वाणी हो । यो सबैभन्दा अन्तिम ईश्वरीय पुस्तक हो यसको उपस्थितिमा प्रलयसम्म अन्य कुनै शरीअत (धर्मविधान) को आवश्यकता छैन । यसमा मानवजातिका सबै आवश्यकताहरूको उल्लेख र समाधान छ । कुनै मानिसले यस पुस्तकको छोटोभन्दा छोटो र सानु भन्दा सानु सूर : (अनुच्छेद) तुल्य पनि बनाउन सक्दैन । पवित्र कुर्आन धार्मिक र सांसारिक (भौतिक) ज्ञानहरूको एउटा खजाना (भँडार) हो जुन कहिल्यै समाप्त हुनेछैन । जो मानिसहरू यसका आदेशअनुसार चल्छन तिनीहरूले संसार र परलोक दुवैमा आराम र शान्ति प्राप्त गर्छन । खुदाका साँच्चा आज्ञाकारी र पवित्र हृदयी भक्तहरूप्रति मात्र यसका गूढ सत्यहरू खुल्छन । पवित्र कुरआनमा यो भन्दा पहिला आएका सबै इश्वरीय पुस्तकहरूका साँच्चा र उत्तम कुराहरू समावेश छन । पवित्र कुरआनका साँच्चा आज्ञाकार र आनुयायी कुनै क्षेत्रमा असफल हुँदैनन । यस परम वाणीमा आजसम्म एकरत्तिभर पनि फरक आएको छैन न त प्रलयसम्म आउँनेछ ।

## सुन्नत र हदीस

जुन शरीअत (धर्मविधान) हजरत महम्मद रसूलुल्लाह (सल्लम) माथि अवतीर्ण भयो त्यो पवित्र कुरआन हो । यसैगरी

हजरत महम्मद (सल्लम) का कार्यहरूर आचरणहरूलाई सुन्नत भनिन्छ। प्रत्येक मुसलमानले हजरत महम्मद (सल्लम) ले गरेका कार्यहरू जस्तै कार्य गर्नु परम कर्तव्य रहेको छ। यसैलाई सुन्नत (आदर्श) को अनुकरण भनिन्छ । उहाँले भनेका कुराहरू र उपदेशहरूलाई हदीस भनिन्छ। हदीसहरू उहाँका सहाबा (सहचर) हरू र अन्य व्यक्तिहरूका मुखबाट सुनेर लेखिएका हुन । हदीसका धेरैवटा पुस्तकहरू छन ।

सही बुखारी “ हदीसको सबैभन्दा प्रसिद्ध र विश्वसनीय पुस्तक हो । हदीस पवित्र कुरआन बराबर हुनसक्दैन । सर्वोच्च स्थान पवित्र कुरआनलाई प्राप्त छ। दोस्रो स्थान सुन्नतको हो र तेस्रो स्थान हदीसको हो । यिनीहरूमध्ये प्रत्येकलाई यिनको स्थान र दर्जानुसार मान्नु र त्यसको अनुकरण गर्नु मुसलमानका लागि अनिर्वाय रहेको छ। अहमदिया जमातको यही सिद्धान्त रहेको छ। अहमदीहरू प्रत्येक सत्य कुरोलाई मान्दछन र प्रत्येक मिथ्या र बनावटी कुरोलाई अस्वीकार गर्छन । वस्तुत : हजरत महम्मद रसूलुल्लाह (सल्लम) को पनि यही सिद्धान्त र नियम थियो र उहाँका सहचरहरूको पनि।

# अत्यावश्यकीय कुराहरू

नबीहरू प्रत्येक देश र प्रत्येक जातिहरूमा आउने गर्छन । साँच्चो मुसलमान त्यही नै हो जसले सबै नबी (पैगम्बर) हरूलाई मान्छ। हजरत ईसा (मसीह) पनि एकजना नबी थिए उनी सलीब (शूली) मा मारिएनन न उनी भौतिक शरीरसह आकाशमा गए। न उनी आजसम्म जीवित छन न त पुनः अतीतको शरीर लिएरउनी संसारमा आउनेछन । अपितु उनले एकसयबीस वर्षको आयु संसारमा बिताएर मृत्यु प्राप्त गरे । उनको समाधि भारतको श्री नगर शहरमा रहेको छ । मरेका मानिसहरू फर्किएर संसारमा आउँदैनन । मृत्यु सबै मानिसहरूका लागि अनिवार्य रहेको छ । कसैले खुदाको कानुन (नियम) लाई परिवर्तन गर्न सक्दैन ।

ईसाईहरूको पिता, पुत्र र पवित्र आत्मा (तिनवटा खुदा) भन्ने आस्था ठीक होइन । तीन एक र एक तीन हुनसक्दैन । कसैले कसैको पापको बोझ उठाउन सक्दैन । मनुष्य खुदा हुनसक्दैन न खुदा मनुष्य हुनसकछ । हजरत मसीह मौउद (प्रतिश्रुत मसीह) अलैहिस्सलाम हजरत महम्मद रसूलुल्लाह सल्लल्लाहु अलैहि व सल्लमका जिल्ल (प्रतिछाया) हुनुहुन्छ । कसैको छाया उसबाट अलग हुनसक्दैन ।हजरत महम्मद रसूलुल्लाह (सल्लम) समस्त जगतका मार्गदर्शक हुनुहुन्छ ।उहाँको मार्गदर्शन हजरत मसीह मौउदद्धारा समस्त संसारमा अब फैलिरहेछ । उहाँलाई अस्वीकार गर्ने व्यक्ति खुदाको अपराधी रहेको छ । दुष्टहरूमाथि ईश्वरको ( अल्लाह) को दण्ड अवतीर्ण हुन्छ । विश्वव्यापी दैविक प्रकोप र दण्ड प्रकट हुनुभन्दा पहिला रसूल (पैगम्बर)को आगमन अनिवार्य रहेको छ । ईमाम महदी (कल्कि अवतार) आएर तरवार चलाउँनेछन र त्यसद्धारा इस्लाम फैलाउनेछन भन्ने व्यक्तिहरू अज्ञानी हुन । इस्लाममा खुनी महदी (खुन बगाउने सुधारक) को केही काम ( आवश्यकता) छैन । जुन महदी (सुधारक) ले आउनु थियो उहाँ आइसक्नु भयो । उहाँले संसारका सामुन्ने खुदाको संन्देश प्रस्तुत पनि गर्नुभयो । हजरत मिर्जा गुलाम अहमद कादियानी ( अलैहिस्सलाम) नै ती (महदी) हुनुहुन्छ ।

# पवित्र कुरआनको शिक्षा

1. शिर्क (मूर्ति पुजा इत्यादि)नगर । अल्लाह एक, अद्वितीय रहेका छन ।
2. केवल खुदा तआलाको उपासना गर अन्य कोही उपास्य छैन ।
3. माता -पिताको आदर सम्मान गर र उनिहरूको आज्ञापालन गर ।
4. नमाज (उपासना) को अनुष्ठान गर ।
5. रमजान (को महीना) का रोजा (उपवास) राख।
6. जगात तिर ।
7. यदि सामर्थ्य र साधन रहेमा हज गर ।
8. खुदा र उनका रसूलका आदेशहरूको पालन गर ।
9. सबै मोमिन (विश्वासी) हरू भाई-भाई हुन त्यसकारण कसैको अवहेलना र अपमान नगर । गीबतअर्थात कसैको अनुपस्थितिमा त्यसविरुद्ध कुरा नगर ।
10. खुदा ताआलासित आफ्ना पापहरूप्रति क्षमा मांग ।
11. सङ्कट र विपत्तिका समयमा धैर्य धारण गर । अन्यहरूलाई पनि धैर्य गर्ने उपदेश देऊ ।
12. आपसमा एक अर्कासित सन्धि र सम्झौता गर ।
13. ठूलो र महत्वपूर्ण कार्य गर्नु अगाडि एक आपसमा परमार्श र सल्लाह गर ।
14. केवल अल्लाह तआलामाथि भरोसा गर । उनीसित सहायता मागं ।
15. अल्लाह तआलाका कृतज्ञ (धन्यवादी) बन । उनीबाहेक कसैका अगाडि सज्दा (साष्टांग प्रणम) नगर ।

16. भिखारीलाई नधुत्कार । यदि दान दिन नसकेमा कुनै उत्तम कुरो बताऊ ।

17. इस्लामको सन्देश समस्त संसारमा फैलाऊ ।

18. जब कसैलाई वचन दिन्छौ तब त्यसलाई अवश्य पूरा गर किनभने दिएको वचन सम्बन्धी खुदा तआलाले सोध्नेछन।

19. नयाय गर र कसैको शत्रुताका कारण अन्याय नगर ।

20. बदजन्नी (कु धारणा) बाटबच ।आफ्ना भाईहरूका बारेमा सुधारणा र उत्तम विचार राख ।

# हदीसका शिक्षाहरू

1. मोमिन (विश्वासी) आडम्बरी हुदैन ।
2. कुनै मुसलमानले मुसलमान भाईलाई दुख नदियोस न बोली वचनले र न हातले ।
3. कसैलाई गाली नदेऊ ।
4. माता पिताका आज्ञाकारी बन ।
5. प्रत्येक मुसलमान पुरुष-महिला , युवक, युवतीका लागि ज्ञान प्राप्त गर्नु अनिवार्य रहेको छ ।
6. खुदा तआलाका निअमत (दान-अनुग्रह) हरूप्रति कृतज्ञता प्रकट गर ।
7. ठुलाहरूको मान गर र सानाहरूसित स्नेह र प्रेम गर ।
8. पवित्र कुरआनको अत्यधिक पाठ गर यही नै मुक्तिको साधन हो ।
9. प्रत्येक समय स्वच्छ र पवित्र रहने गर किनभने खुदा तआलाले पवित्रहरूलाई प्रेम गर्छन ।
10. वचन भङ्ग नगर ।
11. मिथ्या नबोल ।
12. चोरी नगर ।
13. साँचो गवाही देऊ ।
14. छिमेकीको भलो गर ।
15. सलाम(अभिवादन) को उत्तर अवश्य दिने गर ।अपितु तिमीहरू नै पहिला सलाम गर्ने गर ।
16. शिष्ट र लज्जा राख्ने भक्तहरू खुदालाई प्रिय छन ।
17. पिठ्युँपछि कसैको कुरो नगर र अहंकार नगर ।

18. ज्ञानी व्यक्तिहरूको सभामा बस्ने गर । उपदेशमुलक कुराहरू सुन र तिनीहरूको अनुकरण गर ।

19. मोमिन (विश्वासी व्यक्ति) कृपण हुदैन । कन्जुसी नगर परन्तु अपव्यय पनि नगर ।

20. उत्तम चरित्र र गुणहरू उत्पन्न गर । खुदा तआला ( परमेशवर) ले सदाचारी र चरित्रवान व्यक्तिहरूलाई चाहन्छन ।

# हजरत महम्मद मुस्तफा
## सल्लल्लाहु अलैहि व सल्लम

“वह पेशवा हमारा जिस से है नूर सारा

नाम उसका है महम्मद दिलबर मेरा यही है ।”

अर्थात -हाम्रा ती मार्गदर्शक जसबाट समस्त प्रकाश (ज्योति) प्राप्त हुन्छ उहाँको नाम महम्मद हो र उहाँ नै मेरा आत्मीय हुनुहुन्छ ।

“सब पाक हैं पयम्बर इक दुसरे से बेहतर

लेक् अज् खुदाए बरतर खैरुल वरा यही है ।”

अर्थातः- सबै पैगम्बरहरू एक से एक पवित्र र उत्तम रहेका छन परन्तु खुदा तआलाका निकट उहाँ नै प्राणीहरूमा सर्वश्रेष्ठ हुनुहुन्छ।

“पहलों से खुबतर है खूबी मे एक कमर है

उस पर हर इक नजर है बदरुद्धुजा यही है ।”

अर्थातः- पहिलाका सबै (नबीहरू) भन्दा उहाँ श्रेष्ठ हुनुहुन्छ र विशेषतामा मानौ एउटा चन्द्रमा हुनुहुन्छ ।उहाँमाथि नै प्रत्येकको दृष्टि रहेको छ । किनभने पूर्णचन्द्र उहाँ नै हुनुहुन्छ ।

“पहेले तो राह मे हारे पार उस ने है उतारे

मै जाउँ उसके वारे बस नाखुदा यही है ।”

अर्थातः- पहिला त मार्ग भुलेका थियौं उहाँले नै पार लगाउनु भयो । म उहाँप्रति निछावर छु उहाँ नै बस्तुत : नाविक हुनुहुन्छ ।

“पर्दे जो थे हटाए अन्दर की राह दिखाए

दिल यार से मिलाए वह आशना यही है ।”

अर्थातः- (मार्गमा रहेका)पर्दाहरू सबै हटाउनु भयो र उहाँले नै हाम्रो हृदयलाई ईश्वरसित जोड्नु भयो र उहाँ नै वस्तुत : (मार्गका) ज्ञाता हुनुहुन्छ ।

“वह यार लामकानी वह दिलबरे निहानी

देखाहै हम ने उससे बस रहनुमा यही है ।”

अर्थात :- उहाँ अपरम्पार मित्र र आन्तरिक प्रेमी हुनुहुन्छ । हामीले उहाँलाई निहालेर हेरेका छौ उहाँ नै मार्गदर्शक हुनुहुन्छ ।

“वह आज शाहे दीं है वह ताज मुर्सलीं है

वह तय्यब व अमीं है उस की सना यही है ।”

अर्थातः- उहाँ नै आज धर्मका सम्राट हुनुहुन्छ र उहाँ रसूलहरूका मुकुट हुनुहुन्छ । उहाँ पवित्र र निरक्षर हुनुहुन्छ उहाँको प्रशंसा यही नै हो ।

“हक से जो हुकुम आए उस ने वह कर दिखाए

जो राज थे बताए निअमुल अता यही है ।”

अर्थातः- हक (अल्लाह) बाट जुन आदेशहरू उहाँलाई मिले उहाँले ती सबै पालन गरेर देखाउनु भयो । जति पनि गूढतत्वहरू थिए सबै उहाँले बताउनु भयो ।उहाँ नै उत्तम प्रदानकारी हुनुहुन्छ ।

“आँख उसकी दुरबीं है दिल यार से करीं है

हाथों में शम्अ दीं है ऐनुज्जियाः यही है ।”

अर्थातः- उहाँको आँखो दुरबीन रहेको छ र उहाँको हृदय अल्लाहसित जोडिएको छ । उहाँका हातमा धर्मको दीपक छ आँखाको प्रकाश उहाँ नै हुनुहुन्छ ।

“जो राज दीं थे भारे उसने बताए सारे

दौलतका देनेवाला फरमां रवा यही है ।”

अर्थातः- धर्मका गूढ सत्यहरू जति पनि थिए ती सबै उहाँले स्पष्ट गरी बताउनु भयो ।धन प्रदान गर्ने प्रशासक उहाँ नै हुनुहुन्छ ।

“उस नूर पर फिदा हुँ उसका ही मै हुआ हुँ

वह है मै चीज क्या हुँ बस फैसला यही है ।”

अर्थातः- त्यस प्रकाश (महम्मद)प्रति म निछ्रावर छु र म उहाँकै भएको छु । उहाँ नै सबै कुरो हुनुहुन्छ मेरो त केही मूल्य छैन र यही नै निर्णायक कुरो हो।

“वह दिलबरे यगाना इल्मों का है खाजाना

बाकी है सब फसाना सच बेखता यही है ।”

अर्थातः- उहाँ यगाना (अद्धितीय अल्लाह) का परम प्रेमी ज्ञानका भण्डार हुनुहुन्छ । अन्य सबै कुराहरूकथा कहानी हुन, नितान्त सत्य यही नै हो ।

“सब हम ने उस से पाया शाहिद है तु खुदाया

वह जिस ने हक दिखाया वह मै लिका यही है ।”

अर्थातः- उहाँबाट नै हामीले सबै कुरा प्राप्त गरेका हौ भन्ने कुराका तिमी नै साक्षी छौ हे खुदा । जसले हक (सत्य) देखाए त्यो आध्यात्मिक अमृतको स्वाद चखाउने (व्याक्ति) उहाँ नै हुनुहुन्छ ।

(कलाम हजरत मसीह मौउद अलैहिस्सलाम)

Islam Ko Pahilo Kitab
(for children)

AHMADIYYA SANGH NEPAL
POST BOX NO. 2003,
SINAMANGAL - 9, NEAR KMC HOSPITAL,
KHATHMANDU, NEPAL
PH. 01-4460102, EMAIL ; ahmadiyyasangh@gmail.com

**www.alislam.org /www.ahmadiyyamuslimjamaat.in**
Feedback **www.ahmadiyyamuslimjamaat.in/feedback**

**MUSLIM TELEVISION AHMADIYYA INTERNATIONAL**
**www.mta.tv**
Satellite: Asia sat 7s, Degree: 105.5 East, Frequency 3760 Symbol Rate: 26000 FEC: Auto / C.Band 4 Feet Dish Antenna
EutelsatE70B,Degree:70° East,Frequency:11211,SymbolRate:5111,Polarization-HorizontalQPSK-1/2,KU Band 2 feet Dish Antenna